नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
संघीय मामिला शाखा

फोन { ४२००३०९ / ४२००२८१

पत्र संख्या:- २०७६/०७७

चलानी नं.:- ४८

मिति: २०७६/०७/२५

श्री जिल्ला समन्वय समिति, (सबै) ।
श्री नगरपालिका, (सबै) ।
श्री गाउँपालिका, (सबै) ।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर ।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक ललितपुर ।
श्री तराई-मधेश समृद्धि कार्यक्रम, नयाँबानेश्वर, काठमाण्डौं ।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, बबरमहल, काठमाण्डौं ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुर ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान सानेपा, ललितपुर ।
श्री निजामती कर्मचारी अस्पताल विकास समिति नयाँबानेश्वर, काठमाण्डौं ।

विषयः- उपनिर्वाचन, २०७६ को व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ बमोजिम कार्य सम्पादन गर्ने सन्दर्भमा सम्वत् २०७६ साल मंसिर १४ गते सम्पन्न हुन गई रहेको प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहको उपनिर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगबाट मिति २०७६/०७/१९ मा भएको निर्णयको छाँयाप्रति यसैपत्र साथ संलग्न छ । यस पत्रसाथ संलग्न आयोगको निर्णय कार्यान्वयन गर्ने व्यवस्था गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(दुर्गा दाहाल)
शाखा अधिकृत

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं ।
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमान्डौं ।

२ मासिक २१


नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।


पत्र संख्या :- ०७६-७७
च.नं. :- प्र./३११/२८३१

मितिः २०७६।०७।२२

**विषयः उपनिर्वाचन, २०७६ को व्यवस्थापन सम्बन्धमा ।**

श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री कानून, न्याय तथा संसदीयमामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४५८५
मिति:- २०७६/८/२४

निर्वाचन आयोगको च.नं. २०७६/७७/नामावली/२.१/३८ मिति २०७६।०७।१९ को पत्रको छाँया प्रति थान ४ (चार) आवश्यक कार्यान्वयनको लागि यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(दिपेन्द्र राज अधिकारी)
शाखा अधिकृत

**बोधार्थः**
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।


**टेलिफोन** : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
**फ्याक्स** : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
**इमेल** : info@opmcm.gov.np
**वेब साइट** : http://www.opmcm.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

२०७६/७७/नामावली/२.१/३८ मितिः २०७६/०७/१९

प.सं. च.नं./Ref:

श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ ।

**बिषय : उपनिर्वाचन, २०७६ को व्यवस्थापन सम्बन्धमा ।**

उपरोक्त विषयमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ बमोजिम कार्य सम्पादन गर्ने सन्दर्भमा सम्वत् २०७६ साल मंसिर १४ गते सम्पन्न हुनगईरहेको प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहको उपनिर्वाचन प्रयोजनका लागि तपिसल बमोजिमका (१९ बुँदा) विषयमा सम्वद्ध निकायबाट कार्यान्वियन गर्ने गराउने गरी आवश्यक सहयोग तथा निर्देशन हुन मुख्य सचिव मार्फत नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाउने भनी आयोगबाट मिति २०७६/७/१९ मा भएको निर्णयानुसार श्रीमान् समक्ष सादर अनुरोध गर्दछु ।

**तपिसल**

१. उपनिर्वाचनको सन्दर्भमा आयोगबाट भएका निर्णय र अन्तर्गतका कार्यालयबाट भएका पत्राचारलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, बोर्ड, आयोग, कोष, प्रतिष्ठान, प्राधिकरण तथा शैक्षिक संस्थाहरूले उच्च प्राथमिकता दिई तत्काल कार्यान्वियन गर्ने ।

२. आयोगबाट जारी भएको निर्वाचन आचार संहिताको पूर्ण रूपमा पालना गर्न गराउन मातहतका सबै निकायलाई निर्देशन दिने । साथै आचार संहिताको उल्लङ्घन भएको व्यहोरा जिल्ला निर्वाचन आचार संहिता अनुगमन समितिलाई जानकारी गराउनका साथै आचार संहिता उल्लङ्घन भएमा कारवाही गर्न/गराउन आवश्यक सहयोग पुऱ्याउने ।

३. उपनिर्वाचन हुने जिल्लामा कार्यरत नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कर्मचारीहरूको यथार्थ बिवरण जिल्ला निर्वाचन कार्यालयलाई उपलब्ध गराउने र उपनिर्वाचनको कामका लागि आयोग तथा अन्तर्गतका कार्यालयले खटाएबमोजिम जिम्मेवारी निर्वाह गर्न गराउन निर्देशन दिने ।

४. प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको उपनिर्वाचनको लागि जिल्ला सदरमुकाममा र स्थानीय तहको निर्वाचनको लागि उपनिर्वाचन हुने स्थानीय तहको केन्द्रमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय रहने व्यवस्था भएकोले उक्त कार्यालयहरू स्थापना र संचालनको लागि आवश्यक

जग्गा, कार्यालय भवन, फर्निचर, विजुली, पानी, टेलिफोन, इन्टरनेट, कम्प्यूटर, फ्याक्स, सवारी साधन, यन्त्र उपकरण लगायत कार्यालय व्यवस्थापन सामग्री र अन्य भौतिक साधन माग भएको अवस्थामा नेपाल सरकार र प्रदेश अन्तर्गतका निकाय एवं स्थानीय तहसँग समन्वय गरी उपलब्ध गराई दिने ।

५. उपनिर्वाचनको लागि मतदान स्थल, मतदानकेन्द्र तथा उपकेन्द्रहरूमा आवश्यक टेबल, कुर्सी, डेस्क, वेन्च आदिको उपलब्धता एवं मतदानकेन्द्र निर्माण गर्न आवश्यक स्थानीय सामग्रीको सहज आपूर्ति एवं निर्वाचन सामग्रीहरूको भण्डारण तथा सुरक्षाको लागि स्थानीय तहले आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्ने ।

६. निर्वाचनसँग सम्वद्ध पदाधिकारी तथा कर्मचारी र निर्वाचन अधिकृतको आवागमनका लागि माग गरेको बखत सम्बद्ध निकायले प्रचलित दररेट अनुसारको शुल्क, दस्तुर वा भाडा लिई हवाई टिकट, निर्वाचन सामाग्री ढुवानीका लागि आवश्यकतानुसार सवारी साधन र हेलिकोप्टरको सुविधा प्राथमिकताका साथ उपलब्ध गराउने ।

७. निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा बिजुली, धारा, डाँक, टेलिफोन, फ्याक्स तथा इन्टरनेट सेवा निर्वाध रुपले उपलब्ध हुने व्यवस्था मिलाउने ।

८. नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा स्थानीय तहका सवारी साधन, परिवहनका साधन र अन्य भौतिक साधनहरू मर्मत संभार गरी ठीक दुरुस्त अवस्थामा राख्ने र जिल्ला निर्वाचन कार्यालयको माग बमोजिम उपनिर्वाचनको कामको लागि आवश्यकता अनुसार प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने ।

९. सरकारी, सामुदायिक तथा निजी अस्पताल, नर्सिङ होम लगायत सबै स्वास्थ्य संस्थाहरू निर्वाध रुपमा संचालन हुने व्यवस्था, एम्बुलेन्सहरूको सुचारु संचालन र नेपाल प्रहरी, सशस्त्र प्रहरी बल एवं स्थानीय तहका दमकलहरूलाई चालु हालतमा राखी आवश्यक परेको बखत प्रयोग गर्न सक्ने व्यवस्था गर्ने,

१०. उपनिर्वाचन हुने जिल्लाहरूमा दैनिक उपभोग्य वस्तु, खाद्यान्न, औषधि, इन्धन, पेट्रोलियम पदार्थ आपूर्ति व्यवस्था सहज र सुलभ तुल्याई विक्री वितरणको प्रभावकारी व्यवस्था मिलाउने ।

११. सार्वजनिक सञ्चारका माध्यम रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र, दि राइजिङ्ग नेपाल, राष्ट्रिय समाचार समिति आदिले उपनिर्वाचन सम्बन्धी सूचना, समाचार र जानकारीमूलक सामग्रीलाई प्राथमिकता दिई प्रकाशन तथा प्रसारण गर्ने । साथै, निजी क्षेत्रका आम सञ्चार माध्यमलाई निर्वाचन सम्बन्धी सामग्री प्राथमिकतासाथ प्रकाशन एवं प्रसारण गर्न/गराउन सम्बन्धित मन्त्रालयले समन्वय गर्ने ।

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

१२. प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तह उपनिर्वाचनको लागि तोकिएका मतदानकेन्द्रहरू विद्यालय भवन तथा अन्य सार्वजनिक स्थलको आवश्यक मर्मत संभार र कम्पाउण्ड वाल निर्माण लगायतका उपयुक्त व्यवस्था मिलाउन तथा उपनिर्वाचनमा खटिने कर्मचारीहरू मतदान कार्यको लागि २०७६ मंसिर ११ गते बेलुकासम्ममा नै मतदानकेन्द्रमा पुगीसक्ने भएको हुँदा २०७६ मंसिर १२ गतेदेखि ऐं. १४ गतेसम्म मतदानकेन्द्र तोकिएका सबै शैक्षिक संस्थाहरू बन्द गर्न तथा अन्य सार्वजनिक स्थलमा निर्वाचन व्यवस्थापनमा असर पर्ने कुनै किसिमको क्रियाकलापहरू हुन नदिन सम्बन्धित स्थानीय तहले व्यवस्था मिलाउने ।

१३. उपनिर्वाचन हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र र स्थानीय तहको यातायात व्यवस्थालाई नियमित र भरपर्दो तुल्याई जिल्ला सदरमुकामसँगको आवागमनलाई निर्वाधरुपमा संचालन गर्ने व्यवस्था मिलाउने साथै मतदान केन्द्रहरूसम्म पुग्ने सडक तथा अन्य भौतिक पूर्वाधारहरू समेत नेपाल सरकार तथा प्रदेश सरकारका सम्वद्ध निकाय एवं स्थानीय तहबाट समन्वय गरी सडक, पुल पुलेसा र बाटो घाटो नियमित मर्मत संभार गरी गराई ठिक र दुरुस्त हालतमा राख्ने व्यवस्था मिलाउने ।

१४. नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल टेलिकम, निजी क्षेत्रका संचार प्रदायक संस्था तथा विकास आयोजना लगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधनहरू मर्मत र सेवा विस्तार गर्नुपर्ने भए तत्काल आवश्यक व्यवस्था गरी चालु हालतमा राख्न लगाउने तथा निर्वाचनको कामका लागि सम्बन्धित निकायले माग गरेको समयमा प्राथमिकता दिई उपलब्ध गराउने ।

१५. निर्वाचनको सिलसिलामा आयोगका पदाधिकारी तथा निर्वाचन सम्वद्ध कर्मचारी लगायत देहाय बमोजिमका निकाय, संघ, संस्था, व्यक्ति, सामग्री एवं स्थलको सुरक्षाको भरपर्दो प्रबन्ध मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने ।

- निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय,
- निर्वाचन कार्यालय र निर्वाचन अधिकारी,
- राजनीतिक दलका नेता, उम्मेदवार र निजको प्रतिनिधि,
- मतदाता, सर्वसाधारण र प्रचारप्रसारमा संलग्न व्यक्ति,
- मतपेटिका, मतपत्र र मतदाता नामावली लगायतका निर्वाचन सामग्री,
- मतदानकेन्द्र र मतदान कार्यमा खटिएका कर्मचारी,
- उपनिर्वाचनको सिलसिलामा आयोजना हुने र्‍याली, आमसभा तथा जुलुशका सहभागी,
- उपनिर्वाचन अनुगमन र मतदाता शिक्षा कार्यमा खटिएका कर्मचारी तथा स्वयंसेवक,

प.सं. च.नं./Ref:

- निर्वाचन सामग्री ढुवानी व्यवस्था र भण्डारण स्थल,
- सञ्चारकर्मी र पर्यवेक्षक,
- सुरक्षा निकायले उपयुक्त देखेका अन्य व्यक्ति, संस्था तथा निकाय ।

१६. कानून बमोजिम हातहतियार लिन पाउने बाहेक अन्य कुनै पनि व्यक्तिले कुनै प्रकारको बिस्फोटक वा विषालु पदार्थ वा लाठी, भाला, चक्कु, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिंड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन नपाउने गरी नियन्त्रणको व्यवस्था मिलाउने ।

१७. उपनिर्वाचन हुने जिल्ला तथा स्थानीय तहका व्यक्तिहरूले कानून बमोजिम अनुमति प्राप्त आफ्नो नाममा राखेका बन्दुक, पेस्तोल जस्ता हातहतियार निर्वाचन अवधिभर सम्बन्धित जिल्ला प्रशासन कार्यालयको मातहतमा राख्ने व्यवस्था मिलाउने ।

१८. निर्वाचन अवधिभर मदिरा तथा मदिराजन्य पदार्थको उत्पादन र विक्रि वितरण कार्यमा पूर्ण बन्देज लगाउने गरी विशेष व्यवस्था गर्ने ।

१९. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को व्यवस्था बमोजिम निर्वाचन विथोल्न सक्ने आपराधिक चरित्रका शंकास्पद व्यक्तिहरूलाई प्रहरी निगरानीमा राखी आवश्यकता अनुसार नियन्त्रणमा लिने ।

(देव कुमारी गुरागाईं)
सचिव

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं।"